कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

# कविलासी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : कविलासी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० बमोजिम कविलासी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम कविलासी नगरपालिकाको आर्थिक ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन विक्रम संवत् २०८२ साल श्रावण १ गतेदेखि कविलासी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर** : नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकीकृत सम्पत्ति कर लगाइने र असूल गरिनेछ ।

तर यस दफा बमोजिम सम्पत्ति कर लागू नभएसम्म नगर कार्यपालिकाको निर्णय बमोजिम घर जग्गा कर लागू एवं संकलन गर्न बाधा पुग्ने छैन ।

**३. भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल गरिनेछ ।

**४. वहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिइएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडिबुटी कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल गरिनेछ ।

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

**७. सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोविम व्यवसाय कर लगाइने र असुल गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल गरिनेछ ।

**११.पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गरराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल गरिनेछ ।

**१३. पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूचि (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुने छ।

अनुसूचि -१
(दफा (२) सँग सम्बन्धित)
सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को प्रावधान बमोजिम सम्पत्ति कर लागू गर्न कार्यपालिकाबाट आवश्यक व्यवस्था गर्ने।

अनुसूचि-२
(दफा (३) सँग सम्बन्धित)
भूमि कर (मालपोत) को दर

| जग्गाको किसिम | प्रति कठ्ठा (३३८.६०व.मी.) रू. | जरिवाना | कैफियत |
|---|---|---|---|
| अब्बल | १०।- | बार्षिक १०% | • न्यूनतम् रू.७।-<br>• विगत वर्षको बक्यौताको हकमा समेत यसै बमोजिम हुनेछ। |
| दोयम | ९।- | | |
| सिम | ८।- | | |
| चहार | ७।- | | |

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

अनुसूचि -३
(दफा (४) सँग सम्बन्धित)

(क) बहाल करको दर

१. कविलासी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज़, गोदाम, टहरा, छप्पर, सेड, जग्गा, पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तवरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशत

२. संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्य निकायले बहाल लिए वापत बहाल रकम भुक्तानी गर्दा स्रोतमै अग्रीम बहाल कर कट्टी गरी नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

(ख) बहाल कर निर्धारण प्रक्रिया

१. बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धबार्षिक वा बार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२. क्षेत्रगत आधारमा नगर कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ ।

३. नगर कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंयम घोषणा गरेको वा सम्झौतापत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

अनुसूचि-४
(दफा (५) सँग सम्बन्धित)
व्यवसाय करको दर

| सि.नं. | व्यवसायको किसिम | बार्षिक रू. |
|---|---|---|
| १ | सुन, चाँदी पसल | ३०००।- |
| २ | चुरोट, विडि वा सुर्तिको थोक विक्रेता | २०००।- |
| ३ | मदिरा एवं कोल्ड ड्रिंक्स विक्रेत | ५०००।- |
| ४ | श्रृंगार पसल तथा ब्युटी पार्लर | १०००।- |
| ५ | फलफूल, तरकारी स्थायी पसल | ५००।- |
| ६ | जुत्ता चप्पल पसल | १०००।- |
| ७ | स्टेशनरी तथा पुस्तक पसल | १०००।- |
| ८ | चस्मा पसल | ५००।- |
| ९ | टायर, ट्युव मर्मत | १०००।- |
| १० | व्याट्री मर्मत तथा चार्ज गर्ने | ५००।- |
| ११ | पेन्टर, रबर स्टाम्प | ५००।- |
| १२ | नर्सरी | १०००।- |
| १३ | माछा, मासु, अण्डा पसल स्थायी | १०००।- |

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

| | | |
|---|---|---|
| १४ | भाडा वा ग्यास पसल | २०००।- |
| १५ | फर्निचर पसल | १५००।- |
| १६ | केवुल, नेटवर्किङ्ग | १०००।- |
| १७ | उद्योग तथा कम्पनीको एजेन्सी | २५००।- |
| १८ | औषधी पसल | १५००।- |
| १९ | मल, खाद, विउ विजन | १५००।- |
| २० | वैण्डवाजा | ७००।- |
| २१ | टेन्ट हाउस डेकोरेशन | १०००।- |
| २२ | हार्डवेयर पसल | ३०००।- |
| २३ | कम्प्युटर पसल | २०००।- |
| २४ | इलेक्ट्रोनिक, ईलेक्ट्रिक सामान विक्रेता | २०००।- |
| २५ | इलेक्ट्रोनिक, ईलेक्ट्रिक मर्मत | ५००।- |
| २६ | पेट्रोलियम पदार्थ विक्रेता | ३०००।- |
| २७ | किराना पसल | १५००।- |
| २८ | कपडा पसल | २०००।- |
| २९ | रिक्सा, साइकल विक्रेता | १०००।- |
| ३० | रिक्सा, साइकल मर्मत | १०००।- |
| ३१ | हेभि इक्वीपमेन्ट बस, ट्रक, कार, ट्याक्टर मर्मत | २५००।- |
| ३२ | मोटरसाइकल, टेम्पो आदि मर्मत | १०००।- |
| ३३ | पम्पीङ्ग सेट, मोटर, पंखा आदि मर्मत | १०००।- |
| ३४ | आधारभूत स्तरका निजी विद्यालय | १०००।- |
| ३५ | नि.मा.वि. स्तरका निजी विद्यालय | २५००।- |
| ३६ | मा.वि. स्तरका निजी विद्यालय | ३०००।- |
| ३७ | उच्च मा.वि. र क्याम्पस निजी स्तरका | ५०००।- |
| ३८ | निजी/गैर सरकारी प्राविधिक शिक्षा तथा तालिम | ३०००।- |
| ३९ | निजी नर्सिङ्ग होम तथा अस्पताल | २५००।- |
| ४० | क्लिनिक तथा ल्याब ईत्यादि | १५००।- |
| ४१ | इन्जिनियरिङ्ग सेवा | ५०००।- |
| ४२ | कानूनी व्यवसाय | २५००।- |
| ४३ | लेखापरीक्षक | १५००।- |
| ४४ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५००।- |
| ४५ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५००।- |
| ४६ | विमा ऐजेन्ट | २०००।- |
| ४७ | सर्भेयर | १५००।- |
| ४८ | अनुवादक | १५००।- |
| ४९ | सामान ढुवानीकर्ता तथा कम्पनी | २५००।- |
| ५० | निर्माण व्यवसाय दर्ता वा नविकरण | |
| | “क” श्रेणी | ५५००।- |

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

| | | |
|---|---|---|
| | "ख" श्रेणी | ४५००।- |
| | "ग" श्रेणी | ३५००।- |
| | "घ" श्रेणी | २०००।- |
| ५१ | चामल तथा तेल उत्पादन गर्ने उद्योग | २५००।- |
| ५२ | स-मिल काष्ट उद्योग | ३५००।- |
| ५३ | अफसेट प्रेस | १५००।- |
| ५४ | डिजीटल फोटो कलर ल्याब | १०००।- |
| ५५ | फोटो स्टुडियो | १०००।- |
| ५६ | कुटानी, पिसानी मिल | ५००।- |
| ५७ | ईटा उद्योग | ७५००।- |
| ५८ | ग्रिल, सटर उद्योग | १५००।- |
| ५९ | सैलुन | ५००।- |
| ६० | पाउरोटी उद्योग | १०००।- |
| ६१ | टेलरिङ्ग सेवा | ५००।- |
| ६२ | मैनवत्ति उद्योग | ५००।- |
| ६३ | साबुन, सर्फ उद्योग | २०००।- |
| ६४ | पानी उद्योग | २०००।- |
| ६५ | सुति जन्य उद्योग | २५००।- |
| ६६ | होटल | १५००।- |
| ६७ | भेडा बाखा फर्म दर्ता वा नविकरण | १५००।- |
| ६८ | भेडा बाखा फर्म दर्ता वा नविकरण सिफारिश | ५००।- |
| ६९ | मत्स्य फर्म दर्ता वा नविकरण | २५००।- |
| ७० | मत्स्य फर्म दर्ता वा नविकरण सिफारिस | ५००।- |
| ७१ | कुखुरा, हाँस (पोल्ट्री) फर्म दर्ता वा नविकरण | २५००।- |
| ७२ | कुखुरा, हाँस (पोल्ट्री) फर्म दर्ता वा नविकरण सिफारिस | ५००।- |
| ७३ | गाई भैसी फर्म दर्ता वा नविकरण | २०००।- |
| ७४ | गाई भैसी फर्म दर्ता वा नविकरण सिफारिस | ५००।- |
| ७५ | सहकारी दर्ता, नविकरण | ३०००।- |
| ७६ | संघ, संस्था दर्ता नविकरण | १०००।- |
| ७७ | संघ, संस्था दर्ता वा नविकरण सिफारिस | ५००।- |
| ७८ | ट्रयाक्टर व्यवसाय दर्ता वा नविकरण | २५००।- |
| ७९ | सञ्चार सेवा : | |
| | सञ्चार कम्पनीको प्रति टावर | ४०००।- |
| | एफ.एम.रेडियो स्टेशन | १०००।- |

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

| | | |
|---|---|---|
| | टेलिफोन,फ्याक्स, इन्टरनेट, कुरिअर आदि | ५००।- |
| ८० | वित्तीय सेवा : | |
| | नेपाल सरकारको स्वामित्व नरहेका बैंक | ५०००।- |
| | आर्थिक कारोबार गर्ने वित्तीय कम्पनी, मनि ट्रान्फर | ३०००।- |
| | विदेशी मुद्रा सटही | १०००।- |
| ८१. | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि | १५००।- |
| ८२. | सूचीकृत | २००।- |
| ८३ | न्यायिक समितिमा मुद्दा दर्ता दस्तुत | ५००।- |
| माथिको वर्गीकरणमा समावेश नभएका व्यवसायको कारोबार र स्तर हेरी वार्षिक रू.५००।- देखि ५,०००।- सम्म दस्तुर लिइनेछ । | | |

माथि उल्लिखित व्यवसायहरूको नविकरण दस्तुर सोको दर्ता दस्तुर बमोजिम कै अनुसार हुनेछ ।

अनुसूचि-५
(दफा (६) सँग सम्बन्धित)
जडिबुटी कवारी र जीवजन्तु करको दर

ऊन, जडिबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत निम्न बमोजिमको कर लाग्नेछ :

(क) कागजजन्य सामानका लागि प्रति किलोग्राम रू. एक

(ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रू. दुई

(ग) स्टीलजन्य सामानका लागि प्रति किलोग्राम रू. दुई

(घ) अन्यका हकमा प्रति किलोग्राम रू. दुई

अनुसूचि-६
(दफा (७) सँग सम्बन्धित)
सवारी साधन करको दर

कविलासी नगरपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा कविलासी नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा देहाय बमोजिम बार्षिक सवारी कर लाग्ने :

(क) ईन्जिनबाट चल्ने दुई पांग्रे मोटर साईकल वा यस्तै सवारी साधन रू.१००।-

(ख) कार, जीप, वा यस्तै चार पांग्रे सवारी साधनको रू.५००।-

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

(ग) टेम्पु, ट्याक्टर वा यस्तै चार पांग्रे सवारी साधनको रू.५००।-

(घ) मिनि बस, मिनी ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको रू.१,०००।-

(ङ) ठुला बस, ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको रू.१,५००।-

(च) डोजर, क्रेन वा यस्तै हेभी साधनको रू.२,०००।-

तर, विद्युतीय ऊर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने साधनको हकमा तोकिएको दरमा ५० प्रतिशत छुट हुनेछ ।

अनुसूचि-७
(दफा (८) सँग सम्बन्धित)
विज्ञापन करको दर

| सि.नं. | विज्ञापन सामग्री | इकाई | अवधि | दर रू. |
|---|---|---|---|---|
| १ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फीट | बार्षिक | ५०।- |
| २ | होर्डिंग बोर्ड वा यस्तै विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फीट | बार्षिक | १००।- |
| ३ | डिजिटल बोर्ड वा यस्तै विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फीट | बार्षिक | ५०।- |
| ४ | सवारी साधनको दाँया बाँया | प्रति वर्ग फीट | बार्षिक | २०।- |
| ५ | खेलकुद मैदान, मेला, जात्रा वा यस्तै अन्य कार्यक्रममा विज्ञापन | प्रति दिन | दैनिक | ५०।- |
| ६ | अन्य | प्रति वर्ग फीट | बार्षिक | ३०।- |

अनुसूचि -८
(दफा -९) सँग सम्बन्धित)
मनोरञ्जन करको दर

१. चलचित्र प्रदर्शन प्रति वार्षिक रू.२,०००।-

२. जादु, सर्कस, मेला सञ्चालन गराए वापत दैनिक रू.२००।-

अनुसूचि-९
(दफा (१०) सँग सम्बन्धित)
बहाल बिटौरी शुल्कको दर

| सि.नं. | विवरण | रूपैया |
|---|---|---|
| १ | तरकारी, फलफुल तथा अन्य सामग्री प्रति टोकरी | १०।- |
| २ | परेवा प्रति जोडा | १०।- |
| ३ | हाँस, कुखुरा प्रति थान | १०।- |

| | | |
|---|---|---|
| ४ | फुटपाथमा बसी मर्मत सम्भार गर्ने, कपाल काट्ने, सुर्ती, चक्कु, हँसीया, खुर्पी, जाँतो सिलौटो वा अन्य सामग्री बेच्नेसँग प्रति दिन | २०।- |
| ५ | पटके चिया, नास्ता, मिठाई, अण्डा आदि बेच्ने | २०।- |
| ६ | जडीबुटी बेच्ने तथा खेल चटक, तमासा इत्यादी | २०।- |
| ७ | माछा, मासु बिक्रेत | ५०।- |
| ८ | दाउरा वा यस्तै अन्य सामग्री प्रति भारी | ५।- |
| कुनै साधनमा ल्याएका सामग्रीलाई पनि माथि उल्लेख भए बमोजिमको इकाईमा दामासाहीले कर संकलन गरिने | | |

पशु बजार सेवा शुल्कको दर

| क्र.सं. | पशुको किसिम | इकाई | दर रू. | |
|---|---|---|---|---|
| | | | क्रेताबाट | बिक्रेताबाट |
| १ | भैंसी, राँगा, घोडा र घोडी | वटा | १५०।- | १५०।- |
| २ | गाई, गोरू | वटा | १००।- | १००।- |
| ३ | खसी, बाखा, बोका, पाठा, पाठी | वटा | ५०।- | ५०।- |

अनुसूची-१०

(दफा (११) सँग सम्बन्धित)

पार्किंग शुल्कका दर

(क) साईकल प्रति घण्टा रू.२।-

(ख) टायर गाडा प्रति घण्टा रू.७।-

(ग) दुई पांग्रे सवारीका लागि प्रति घण्टा रू.५।-

(घ) चार पांग्रे सवारीका लागि प्रति घण्टा रू.१०।-

(ङ) छ वा सो भन्दा बढी पांग्रे सवारीका लागि रू.३०।-

१. क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखांकन गरी, प्रवेश र बहिर्गमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटन गरी, सकभर आधुनिक प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्थापन गर्न सक्ने ।

२. सवारी साधन पार्किङ्ग गर्ने क्षेत्र र निषेध क्षेत्र नगर कार्यपालिकाले तोक्न सक्नेछ ।

अनुसूचि -११

(दफा (१२) सँग सम्बन्धित)

सेवा शुल्क दस्तुर

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

वडा कार्यालयबाट हुने सेवा :

| सि.नं. | विवरण | दर रू. | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित | २००।- | |
| २ | नागरिकता तथा नागरिकताको प्रतिलिपि सिफारिश | नलाग्ने | |
| ३ | मोही लगत कट्टाको सिफारिश | २००।- | |
| ४ | जन्म मिति प्रमाणित | १००।- | |
| ५ | व्यापार व्यवसाय बन्द, सञ्चालन भए नभएको सिफारिश | ३००।- | |
| ६ | विवाह तथा अविवाहित प्रमाणित | १००।- | |
| ७ | विपन्न र अपांगतालाई स्वास्थ्य उपचारको सिफारिश | नलाग्ने | |
| ८ | घर पाताल प्रमाणित | १००।- | |
| ९ | व्यक्तिगत विवरण प्रमाणित | १००।- | |
| १० | जग्गा धनी दर्ता प्रमाण पूर्जामा घर कायम गर्ने सिफारिश | २००।- | |
| ११ | नाम, थर, जन्म मिति तथा वतन सिफारिश | १००।- | |
| १२ | जग्गा धनीदर्ता प्रमाण पूर्जा हराएको सिफारिश | १००।- | |
| १३ | छुट जग्गा दर्ताको सिफारिश | ५००।- | |
| १४ | जग्गाको चार किल्ला प्रमाणित | १००।- | |
| १५ | जग्गाको घरबाटो सिफारिश | २००।- | |
| १६ | कित्ताकाट सिफारिश | १००।- | |
| १७ | संरक्षक प्रमाणित | १००।- | |
| १८ | जीवित रहेको सिफारिश | १००।- | |
| १९ | हकवाला वा हकदार प्रमाणित | १००।- | |
| २० | नामसारी सिफारिश | १००।- | |
| २१ | सरजमीन मुचुल्का नागरिकता, व्य.घ.दर्ता | १००।- | |
| २२ | नागरिकता सिफारिश | नि:शुल्क | |
| २३ | व्यक्तिगत घटना दर्ता | | |
| | ३५ दिन सम्म | नि:शुल्क | |
| | ३५ दिन भन्दा माथिको अनुसूची-३ बमोजिम | २००।- | |
| | प्रतिलिपि दस्तुर | ५००।- | |
| २४ | सरजमीन मुचुल्का अन्य | ५००।- | |
| २५ | उद्योग दर्ता तथा ठाँउसारी नामसारी सिफारिश | २००।- | |
| २६ | विद्यालय खोल्ने, कक्षा थप गर्ने तथा ठाँउसारी सिफारिश | २००।- | |
| २७ | घर जग्गा लगायत अन्य सम्पत्ति मूल्यांकन सिफारिश प्रति हजार रू. | १।- | विद्यार्थी प्रयोजनको लागि रू.५०० |
| २८ | धारा तथा विद्युत जडान सिफारिश | १००।- | |
| २९ | चारित्रिक प्रमाणपत्र सिफारिश | १००।- | |
| ३० | विपन्न विद्यार्थी सिफारिश | नलाग्ने | |
| ३१ | अपांग सिफारिश | नलाग्ने | |
| ३२ | चौपाया सिफारिश प्रति चौपाया | २०।- | |

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

| | | | |
|---|---|---|---|
| ३३ | नक्कल दस्तुर प्रतिपाना | १०।- | |
| ३४ | निवेदन फारम दस्तुर | १०।- | |
| ३५ | निवेदन टिकट दस्तुर | १०।- | |
| ३६ | अन्य सिफारिश | १००।- | |
| ३७ | अमिन सेवा प्रति कठ्ठा, प्रति जग्गाधनी | १००।- | न्यूनत्तम रू.१०० |
| ३८ | समिति, सँस्था, सहकारी दर्ता सिफारिस | २००।- | |
| ३९ | समिति, सँस्था, सहकारी नवीकरण सिफारिस | २००।- | |
| ४० | नोट : माथि उल्लेखित सिफारिश अंग्रेजीमा गराउँदा दोब्बर शुल्क लाग्नेछ । | | |

नक्सा पास दस्तुर तथा फाराम शुल्कको दररेट

| सि.नं. | विवरण | दररेट रू. | |
|---|---|---|---|
| | | सटर भएको | सटर नभएको |
| १ | RCC भूई तल्ला निर्माण प्रति वर्ग फिट | २।- | १।- |
| | RCC प्रथम तल्ला निर्माण प्रति वर्ग फिट | ३।- | २।- |
| | RCC दोस्रो तल्ला निर्माण प्रति वर्ग फिट | ४।- | ३।- |
| | RCC तेस्रो तल्ला र सो भन्दा माथि निर्माण प्रति वर्ग फिट | ५।- | ४।- |
| २ | कम्पाउण्डवाल प्रति रनिङ्ग फिट | १।- | १।- |
| ३ | घर निर्माण सम्पन्न प्रमाण पत्र | ४००।- | ३००।- |
| ४ | घर नक्शा नामसारी दस्तुर | ४००।- | ३००।- |
| ५ | घर नक्शा निवेदन दस्तुर | ३००।- | २००।- |
| ६ | घर नक्शाको प्रतिलिपिमा | ४००।- | ३००।- |
| ७ | फुस तथा खपडाको घर | ५००।- | ५००।- |
| ८ | घर नक्शा किताब दस्तुर | ३५०।- | ३००।- |
| ९ | भवन अभिलेखिकरण किताब दस्तुर | ३५०।- | ३००।- |
| १०. | ट्रस्ट (जस्ताको छाना) प्रति वर्ग फिट | १।- | ०.५।- |

भवन अभिलेखिकरण दस्तुर समेत यसै अनुसार लाग्ने छ ।

अनुसूचि-१२
(दफा (१३) संग सम्बन्धित)
पर्यटन शुल्क

नगर कार्यपालिकाबाट तोकिएको स्थानमा तोकिए बमोजिम पर्यटन शुल्क लाग्ने छ ।

**निर्णय नं. २ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को** दफा ६२ को उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

देहायको कुनै सेवा, उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ :-

(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रवास, (होष्टेल), हाट बजार, पशु बधशाला, शव दाहगृह, धोबीघाट, र त्यस्तै अन्य सुविधा ,

(घ) सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सम्बन्धी सेवा,

(च) सिफारिस सम्बन्धि कुनै सेवा,

उपदफा (३) बमोजिम गाउँपालिका वा नगरपालिकाले उपदफा (१) र (२) मा उल्लिखित सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा सुविधा उपयोग गरे बापत लाग्ने सेवा शुल्क उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्नेछ ।

भन्ने प्रावधान अनुरूप अर्थ सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न देहायका उल्लिखित व्यवसाय, उद्योगबाट सेवा शुल्क उठाउनको लागिं कार्यपालिकाले तोकेको मापदण्ड बमोजिम लागु गर्ने । मापदण्ड नतोकेसम्म यसै बमोजिम हुने कार्यपालिकामा सिफारिश गर्ने ।

| क्र.सं. | व्यवसायको किसिम |
|---|---|
| १ | ईट्टा उद्योग |
| २ | गाई भैंसी फर्म |
| ३ | कुखुरा, हाँस (पोल्ट्री) फर्म |
| ४ | भेडा बाख्रा फर्म |
| ५ | होटल |
| ६ | पशु बजार सेवा शुल्कको दर |
| | भैसी राँगा घोडा घोडी |
| | गाई गोरू |
| | खसी बाख्रा बोका पाठा पाठी |
| ७ | समिल काष्ट उद्योग |
| ८ | कुटानी पिसानी मिल |
| ९ | ग्रील सटर उद्योग |

कार्यपालिकाबाट पारित भएको मिति : २०८२।०३।०९

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० बमोजिम कविलासी नगरपालिकाको सभाबाट मिति २०८२।०३।२९ मा पारित भएको यो विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

ब्रहमदेव राय
प्रमुख